**सवारी दुर्घटनाबाट बचौं र बचाऔं ।**
- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफूले यात्रा गरिरहेको सवारीसाधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शङ्का लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं ।
- अनियन्त्रित र तीव्र गतिमा सवारीसाधन नचलाऔं ।
- समय-समयमा सवारीसाधनको मर्मतसम्भार गर्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com



अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ असार २२ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 July 06 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३०८

## बलात्कारको घटना नियन्त्रण गर्न समाज अगाडि बढ्नुपर्छ -प्रजिअ

प्रस, वीरगंज, २१ असार/

पर्साका प्रमुख जिल्ला अधिकारी



तस्वीरः प्रतीक

उमेशकुमार ढकालले जिल्लामा बलात्कारका घटना नियन्त्रणका लागि समाज अगाडि बढ्नुपर्ने बताएका छन् । बलात्कारसम्बन्धी सचेतना कार्यक्रममा उनले पर्सा जिल्लामा चालू आवमा ५३ वटा बलात्कारका घटना भएको र त्यसमा आधाभन्दा बढी नाबालिका रहेको बताए ।

प्रजिअ ढकालले विद्यालयमा अध्ययनरत नाबालिकाहरू प्रायः बलात्कारको शिकार भएकाले न्यूनीकरणका लागि परिवार, विद्यालय, कलेजमा सचेतना कार्यक्रमका साथै नैतिक शिक्षा दिनुपर्ने बताए । उनले बलात्कारसम्बन्धी कानूनमा पनि केही परिमार्जन जरुरी रहेको तर्क प्रस्तुत गरे । १८ वर्षमुनिका बालिकासँग सहमति वा असहमतिमा यौन सम्पर्क गर्दा बलात्कार ठहरिने र विवाह २० वर्षको उमेरपछि गर्नुपर्नेलगायतमा कानून बाझिने गरेकाले त्यसमा सुधार हुनुपर्ने बताए ।

उनले बलात्कृत भएकाहरूलाई तत्कालै गर्नुपर्ने राहतका कार्यहरूमा पालिकाहरूको सहयोग आवश्यक हुने बताए । उनले बलात्कारको शिकार भएकाहरूलाई पुनर्वासका साथै कानूनी परामर्श र आर्थिक सहयोगमा पालिकाहरूले सहयोग पुऱ्याउनुपर्ने बताए ।

प्रजिअ ढकालले महिला तथा बालबालिका कार्यालय खारेज गरिएकोले पनि जिल्लामा यस विषयमा समन्वयकारी भूमिका निर्वाहमा समस्या भएको बताए । सो कार्यालयको जिम्मेवारी पालिकास्तरमा सारिए पनि जिल्लास्तरीय समन्वय भूमिकाविहीन भएको कारण जिल्लास्तरको काममा समस्या आइपरेको बताए ।

जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी उपरीक्षक रमेश बस्नेतले समाज अपराधरहित हुन नसक्ने तर्क गर्दै बलात्कारका घटना पनि सोहीअनुरूप भएकोले यसको न्यूनीकरणमा सचेतना कार्यक्रम आवश्यक भएको बताए । उनले विद्यालय, कलेजहरूमा यस्ता विषयबारे सचेतना गराउनुपर्ने र प्रहरीले आफ्नो भूमिका देखाउँदै आएको बताए । उनले पर्सा जिल्लामा यस विषयमा हालसम्म तीन सयभन्दा बढी कक्षा प्रहरीले लिएको र ग्रामीण क्षेत्रहरूमा पालिकास्तरीय सभा पनि गरेको जानकारी गराए ।

जिल्ला न्यायाधिवक्ता पद्मराज कार्कीले न्याय महँगो भएको र पीडितहरू कानून व्यवसायीहरूबाट आर्थिक शोषणमा परेको आरोप लगाए । उनले सहजरूपमा न्याय पाउन पीडितहरूलाई अप्ठेरो भइरहेको र न्याय पनि बिक्री भइरहेका घटनाहरूले पीडितहरूलाई थप पीडा पुऱ्याएको बताए ।

उनले निजी कानून व्यवसायीहरूबाट पीडितहरू आर्थिकरूपमा शोषित भएको भन्दै त्यस्ता पीडितहरूलाई सरकारले निश्शुल्क न्यायसम्पादनको व्यवस्था गरेको र सोको लागि जिल्ला न्यायाधिवक्ताको कार्यालयमा सम्पर्क गर्न सुझाव दिए । उनले यी घटनाहरू सरकारवादी भएकाले यस्ता घटनामा पीडितले छुट्टै कानून व्यवसायीको भार बोक्नु नपर्ने बताए ।

जिल्ला न्यायाधिवक्ता कार्कीले सञ्चारजगत्को कारणले पनि बलात्कारका घटनामा समस्या आइरहेको आरोप लगाए । उनले समाचार प्रकाशन गर्नुपूर्व सम्पादकहरूले यस विषयको गम्भीरतालाई बुझेर प्रकाशन गर्ने वा नगर्ने निर्णय लिनुपर्ने बताए ।

नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीले बलात्कारलगायत जघन्य अपराधका घटनामा पत्रकारहरू संवेदनशील भएको दाबी गरे । उनले समाचार पठाउने निकायहरूबाट पनि त्रुटि हुने गरेकाले केही सञ्चारमाध्यममा सोहीअनुरूप समाचार आउँदा समस्या भइरहेको स्वीकारे । उनले पत्रकारहरूबाट यस प्रकारका घटनाहरूमा कुनै चूक नहोस् भनेर महासङ्घले बेलाबखत तालीम दिने गरेको बताए ।

अध्यक्ष तिवारीले बलात्कारका घटनामा न्यायालयबाट दोषी ठहर नगर्दै प्रहरीले एक पक्षको नाम सार्वजनिक गर्ने र अर्को पक्षको नाम लुकाउने गरेकोले यी घटनामा एक पक्ष अन्यायको शिकार भइरहेको बताए ।

बलात्कारका घटना संवेदनशील भएको र यस्ता घटनामा संलग्न व्यक्तिको अपराध पुष्टि नभएसम्म उनीहरूको नाम पनि सार्वजनिक गर्न नहुने उनले बताए । खासगरी नाबालिकको हकमा नाम सार्वजनिक गर्दा उनीहरू दोषमुक्त भएपनि समाजमा टिकिरहन समस्या हुने गरेकोले संवेदनशीलतालाई बुझेर प्रहरीले घटनाहरू उजागर गर्नुपर्ने बताए । प्रहरी अनुसन्धानमा रहेका घटनाहरू दोष प्रमाणित नहुन्जेल सार्वजनिक गर्दा आत्महत्याका घटना बढ्न सक्ने उनको तर्क थियो ।

कार्यक्रममा बलात्कारबारे वृत्तचित्र प्रस्तुत गरिएको थियो । वृत्तचित्रमा बलात्कारका घटनामा दोषीहरूले उन्मुक्ति पाउने गरेको र पीडितहरूले न्याय नपाएको सन्देश प्रवाह गरिएको थियो ।

जिल्ला प्रहरी कार्यालय, पर्साको सहकार्यमा सम्यक सेन्टर प्रालिले आयोजना गरेको कार्यक्रमको सहजीकरण घनश्याम खड्काले गरेका थिए ।

## भिस्वामा तस्करी जोरबिजोरबाट

सुग्रीव साह, भिस्वा, २१ असार/

छिपहरमाई गाउँपालिकाको भिस्वा


नेपालबाट भारततर्फ बालुवा र गिट्टी तथा भारतबाट नेपालतिर खाद्यान्न तस्करी हुँदै । तस्वीरः प्रतीक

बजारमा जोर-बिजोर सवारीसाधनका नम्बरको आधारमा तस्करी शुरू भएको छ ।

सरकारले पेट्रोलियम पदार्थ बचत गर्न तथा कोरोनाकालमा यो नियम लागू गरे पनि अहिले भिस्वामा खटेका सशस्त्र र जनपद प्रहरीले तस्करहरूसँगको मिलेमतोमा सवारीसाधनमा जोरबिजोर नम्बर प्रयोग गरेर तस्करी गराइरहेका छन् ।

स्थानीय एकजना स्रोतले जनाए अनुसार अहिले भारतबाट आउने सामग्रीहरू खाद्यान्न, लत्ताकपडा र नेपालबाट जाने ढुङ्गा, गिट्टी, बालुवा र तेस्रो मुलुकका सामान मरीच, केराउ, छोहोडा आदि जोर-बिजोर नम्बरका सवारीसाधनबाट तस्करी भइरहेको छ । अहिले भिस्वामा पूर्ववत्रूपमा तस्करी भइरहेको छ । भारतबाट नेपाल आउने र नेपालबाट भारत जाने क्रम रातिको समयमा हुने गरेकामा अहिले दिनदहाडै भइरहेको र स्थानीय सुरक्षाकर्मीहरू मूकदर्शक भएका छन् । मूकदर्शक हुनुको कारण आर्थिक प्रभाव हो ।

अहिले भिस्वा बजारमा नेपालबाट तस्करी भई जाने गिट्टी, बालुवाका ट्याक्टरहरू सहजै देख्न सकिन्छ भने भारतबाट तस्करी भई आएका सामानहरू पनि नेपालपट्टिका पसलहरूमा ट्याक्टरबाट अनलोड भइरहेको सहजै देख्न सकिन्छ ।

## पर्सागढी महोत्सवमा दिनहुँ मारपिट


महोत्सवमा मध्यराति झैंझगडा हुँदै । तस्वीरः प्रतीक

प्रस, बिरुवागुठी, २१ असार/

पर्सागढी नगरपालिका-३ बडनिहारमा जारी प्रथम पर्सागढी महोत्सवमा दिनहुँ झैंझगडा हुने गरेको छ।

पर्सागढी युवा स्पोर्ट्स क्लब, बडनिहारको आयोजना र लिग इन्टरटेनमेन्टको व्यवस्थापनमा सञ्चालित महोत्सव असार ३ देखि १५ गतेसम्म जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिई सञ्चालन भएकोमा १५ गते वर्षाको कारण कार्यक्रम रोकिएपछि थप पाँच दिनको अनुमति लिई असार २२ गतेसम्म सञ्चालन भइरहेको छ । महोत्सवमा दिनहुँजसो जाँडरक्सी खाई कार्यक्रमस्थल तथा बाहिर झैंझगडा हुने गरेको स्थानीयवासीले बताएका छन्।

पर्सागढी नगरपालिका कार्यालय, हरपुरले दिनहुँजसो मारपिट र विकृतिका कारण समय थप्न अनुमति नदिएपछि क्लबले जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिएको थियो ।

सोमवार राति कार्यक्रम चल्दै गर्दा कार्यक्रमस्थलमा शुरू भएको मारपिट बाहिर सडकसम्म पुगेर ग्याङ फाइटमा परिणत भएको थियो । मारपिटमा वडा नं २ गोडपसरा निवासी २२ वर्षीय मुन्ना चौधरीको टाउको फुटेको छ । उनको स्थानीय मेडिकलमा उपचार भइरहेको छ ।

दिनहुँजसो मारपिटले युवाहरूमा फाटो आउनुका साथै गाउँ-गाउँबीच तनाव उत्पन्न भइरहेको छ । इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक किशोर आचार्यका अनुसार आयोजक क्लबले निर्धारित समयभन्दा ढिलो गरी कार्यक्रम शुरू गर्ने र राति ११:३० बजेसम्म कार्यक्रम सञ्चालन हुँदा शान्ति सुरक्षामा खलल पुगेपछि आफूले पटक-पटक आयोजकलाई अनुमति अनुसार अपराह्न ४ देखि राति १० बजेसम्म कार्यक्रम सञ्चालन गर्न भने पनि आयोजकले अटेर गरेको बताए ।

## आलुको बोराबाट ८३ लाख नगद बरामद

प्रस, वीरगंज, २१ असार/

सशस्त्र प्रहरी, धनुषाले स्रोत नखुलेको


तस्वीरः सौजन्य



करीब साढे ८३ लाख रकमसहित मङ्गलवार दिउँसो सवा १ बजे दुईजना नेपालीलाई पक्राउ गरेको छ ।

सशस्त्र प्रहरी निरीक्षक शम्भु कटुवाल नेतृत्वको टोलीले धनुषा, जनकनन्दनी गाउँपालिका-५, उदाह निवासी ३६ वर्षीय ईश्वर मण्डल र १९ वर्षीय राजेश मण्डल चढेको मोटरसाइकललाई सोही गापा-१ इनरुवा चेक प्वाइन्टको सीमा क्षेत्रमा चेकजाँच गर्दा उनीहरूले ल्याएको आलुको बोराभित्रबाट नेरु ८३ लाख ६४ हजार

(बाँकी अन्तिम पातामा)

**गर्मी महीनामा सङ्क्रामक रोगबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।**
- गर्मी महीनामा मलेरिया, डेंगु, कालाजार, झाडापखालासहितका सङ्क्रामक रोगहरू फैलिन सक्ने सम्भावना हुन सक्दछन् ।
- रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिबाट जोगिऔं ।
- सडेगलेका तथा बासी खाना नखाऔं ।
- घरवरिपरि तथा व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।

मधेस प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

## विचारसार र सूक्तिहरू

लक्ष्य प्राप्त गर्न, प्रशंसा पाउन होइन; निश्चित उद्देश्यका लागि, अरूलाई प्रभावित पार्न होइन; आफ्नो उपस्थिति जनाउन मरिहत्ते नगर, बरु अनुपस्थिति बिझ्ने काम गर ।


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# नारायणी अस्पतालको बिजोग

**नारायणी अस्पतालले निजी अस्पतालको मनोमानी रोक्नका लागि अहिले आफूले दिंदै आएको सेवामा विस्तार गर्ने नीति अवलम्बन गरेको सुन्दा खुशी लागेको छ। नारायणी अस्पताल पर्सा जिल्लाका धनी वर्गबाहेक मध्यम, निम्न र अतिविपन्न वर्गका मानिसको लागि उपचार गराउने थलो हो। नारायणी अस्पतालको इतिहास पुरानो छ । २०२८ सालमा महेन्द्र आरोग्य भवनको रूपमा स्थापित यो अस्पतालले अहिले ५१ वर्ष लामो इतिहास कायम गरिसकेको छ । यो अवधिमा कुनै बखत अस्पतालको सेवा झनै प्रभावकारी थियो। पर्सा जिल्लामा नै निजी अस्पतालको अवधारणा विकसित नभएको बेला सबै वर्गका लागि यो अस्पतालबाटै सेवा लिनुपर्ने बाध्यकारी अवस्था थियो। नारायणी अस्पतालको विकल्पमा उतिबेला छिमेकी भारतको रक्सौलस्थित मिसन अस्पताल डङ्कन अर्को विकल्पको रूपमा थियो । नारायणी अस्पतालले उतिबेलादेखि प्रसूति सेवामा नाम कमाएको हो। पर्सा जिल्लाका हुने खानेहरू छिमेकी रक्सौलको डङ्कनमा प्रसूतिका लागि जाने गर्थे भने सोबाहेकका अन्यहरूको लागि नारायणी अस्पताल तत्कालीन महेन्द्र आरोग्य भवन निर्विकल्प थियो ।**

**यो अस्पतालमा सेवा लिनका लागि छिमेकी बारा, रौतहट, सर्लाहीसम्मबाट मानिसहरू आउने गर्थे भने छिमेकी भारतको विभिन्न स्थानबाट पनि मानिसहरू आउँथे । अहिले पनि छिमेकी भारतबाट रेबिजविरुद्धको सुई र रगतका लागि मानिसहरू आउने क्रम जारी छ । पर्सा जिल्लामा आउने चिकित्सकहरूका लागि पनि कुनै बेला पहिलो गन्तव्य नारायणी अस्पताल नै थियो। बिरामीहरूको अत्यधिक चाप हुने गरेकाले अस्पतालमा सेवा दिने र बिरामीसँग सम्पर्क स्थापित भएपछि निजी क्लिनिक अनि नर्सिङ होमहरू सञ्चालन गरेर आफ्नो व्यवसाय फस्टाउने कार्य चिकित्सकहरूले गर्दै आएका थिए । नारायणी अस्पतालमा सेवा नदिएर सीधैं क्लिनिक र नर्सिङ होम सञ्चालन गर्ने हिम्मत कुनै चिकित्सकको थिएन। उहिले नाम चलेका चिकित्सकहरूको इतिहास नारायणी अस्पतालसँगै जोडिएको थियो । अहिले वीरगंज महानगरमा ३१ वटाभन्दा बढी निजी नर्सिङ होम, अस्पतालहरू सञ्चालनमा छन् भने दुई सयभन्दा बढी क्लिनिक होलान् । अहिले पनि नारायणी अस्पतालको साख खस्केको छैन । त्यहाँ दिइने सेवाहरू तुलनात्मकरूपमा अहिले पनि निजी क्षेत्रभन्दा स्तरीय छ, आर्थिकरूपमा त झनै सुविधासम्पन्न । तर निजी अस्पताल, क्लिनिक, नर्सिङ होमहरूमा नारायणी अस्पतालकै चिकित्सकहरूबाट सेवा प्रवाह गरिने अनि अस्पतालका कर्मचारीहरूलाई आर्थिक प्रभावमा पारेर त्यहाँका बिरामीहरूको अपहरण गर्ने कार्य अहिले पनि भइरहेको छ। अहिले पनि अस्पतालमा बिरामीहरूको चाप बढी छ। किनभने निजी अस्पतालमा गएर सेवा लिन सक्ने सामर्थ्य धेरैको छैन। निजी अस्पतालमा भर्ना हुनु भनेको आर्थिकरूपमा विपन्न हुनु मात्र हो भन्ने कुरा धेरैले बुझेका छन् ।**

**सबैले निजी अस्पतालको आर्थिक भार थेग्न सक्दैनन् । तर उनीहरूलाई सो भार थेग्नै पर्ने वातावरणको सिर्जना गर्न लगाइँदैछ । नारायणी अस्पतालमा अत्याधुनिक उपचार यन्त्रहरूको व्यवस्था गरिएको छ । तर ती उपकरणहरू स्वार्थवश चलाइँदैनन्, बिगार्ने काम गरिन्छ अनि मर्मतसम्भारको नाममा थन्काएर काम नलाग्ने पारिन्छ। यसो गर्नुको एउटै मात्र स्वार्थ हो, निजी अस्पताललाई अत्यधिक मुनाफा पुऱ्याउनु। अस्पतालमा कार्यरत चिकित्सक, कर्मचारीलाई अन्यत्र काम गर्न अङ्कुश मात्र लगाउन सकेको खण्डमा नारायणी अस्पतालको सेवा हेर्न लायकको हुन्थ्यो ।**

# हामी किन यहाँ पुग्यौं ?

**स्वतन्त्र विचार**



**विनोद गुप्ता**

> **महात्मा गाँधीको यो सन्देश र त्यसपछि नेपाल र भारतको अवस्था सम्झेपछि हामी किन आजको अवस्थामा पुगेका छौं बुझ्न कठिन भएन। मन शान्त भयो किनभने हामी आज उल्लिखित सातवटै सामाजिक पापमा लिप्त छौं त्यसैले दुःखमा छौं।**

नेपाल राष्ट्र बैंकका गर्भनरले केही दिन अगाडि विदेशी मुद्राको सञ्चितिबारे चिन्ता व्यक्त गर्दै यही स्थिति रहेमा नेपाल श्रीलङ्काको बाटो लाग्न सक्ने सम्भावना व्यक्त गरेका थिए । यसबाट जोगिन उनले उत्पादन बढाउँदै निर्यात बढाउने र आयात प्रतिस्थापन गर्दै डलरको आम्दानी र खर्च दुवै बढाउनुपर्ने कुरा बताएका थिए। यो बिलकुलै ठीक तर शतप्रतिशत सैद्धान्तिक कुरा हो।

सबभन्दा पहिले त निर्यातकै कुरा गर्दा परिणामात्मकरूपमा नेपालबाट भारतमा निर्यात गर्न सकिने वस्तु नै छैन र जुन छ त्यसको परिमाण एकदम न्यून छ। उदाहरणको लागि पश्मिना, गलैंचा, मूर्ति, अदुवा, चिया, कफी, अलैंची आदिको कुल निर्यात नै गत फागुनसम्मको तथ्याङ्क अनुसार जम्मा १ खर्ब ४७ अर्ब थियो जसमा सोयाबिन र पाम आयल मात्रै ७६ अर्ब ७३ करोडको देखिन्छ । रातारात यो व्यापार घाटा सन्तुलित गर्न निर्यातलाई कसरी २-४ खर्बमा पुऱ्याउन सकिन्छ बुझ्न कठिन छ। ठूलो परिमाणमा नेपालले निर्यात गर्न सक्ने जलविद्युत् हो जसको राम्रो शुरूआत भएको छ। नेपाल विद्युत् प्राधिकरणले महीनामा करीब १ अर्ब ७६ करोडको बिजुली निर्यात गरेको छ तर यो पनि मौसमी मात्र हो । वर्षा सिद्धिनासाथ फेरि आयात गर्नुपर्ने हुन्छ। नेपालले आफ्नो स्रोतमा बनाउन लागेको जलाशययुक्त १२ सय मेगावाट र पञ्चेश्वर बनाउन सकियो भने मात्रै दीर्घकालीनरूपमा व्यापार घाटा केही कम हुने अपेक्षा गर्न सकिन्छ तर हाम्रो राष्ट्रिय गौरवका आयोजनाहरूको स्थिति हेर्दा यसको लागि कम्तीमा १० वर्ष त कुर्नैपर्छ। अरुणबाट भने उत्पादन शुरू भएमा वर्तमान अवस्थामा मौसमी सुधार हुनेछ। त्यसैले विदेशी मुद्राको आयको स्रोत रेमिट्यान्स र पर्यटनबाहेक अरू देखिंदैन। रेमिट्यान्सबाट राम्रै सञ्चिति भइरहेको भए पनि त्यसलाई थप आकर्षक बनाउने नीति स्वयं गर्भनर महोदयले नै सुझाउनुपर्छ जस्तो लाग्छ।

त्यसैगरी पर्यटन क्षेत्रमा समेत क्रमिक सुधार भइरहेको देखिएको छ। फागुन महीनासम्म नेपालको पेट्रोलियम पदार्थको आयात नै कुल निर्यातभन्दा बढी हुन गई १ खर्ब ७८ अर्ब ३२ करोड पुगेको छ। यो आयात घटाउन खोई त सरकारले बिजुली सस्तो गर्ने वा यसको प्रयोग बढाउने कार्यहरू गर्न सकेको ? त्यसैले नेपालमा सावधानीको अवस्था अवश्य छ जसलाई क्रमशः नियन्त्रण गर्न तत्पर हुनुपर्छ।

तर यसभन्दा ठूलो जोखिम भर्खरै केही दिन अगाडि भारतको रिजर्भ बैंक अफ इन्डियाले एउटा लेखमार्फत सार्वजनिक गरेको सूचना जोखिमपूर्ण छ। आरबिआईका अनुसार भारतमा पोर्टफोलियो इन्भेस्टमेन्ट अर्थात् शेयर बजारमा अमेरिकाको मात्रै करीब २ सय बिलियन डलरको लगानी अनुमान छ। जसमध्ये करीब सय बिलियन डलर अर्थात् भारु ७.८ लाख करोड तत्कालै बाहिरिने अवस्था सिर्जना भएको छ। यो लगानी भारतको जिडिपीको ३.२ प्रतिशत हो र यसबाट सय बिलियन डलर बाहिरिंदा भारतको जिडिपी सात प्रतिशतले घट्न सक्ने अनुमानित प्रक्षेपण छ। यति ठूलो रकम विदेशिनुको पछाडि अमेरिकामा बढ्दै गरेको महँगी नियन्त्रण गर्ने बैंकहरूले बढाएको ब्याजदरलाई मानिंदैछ। यसबारे सजग रहनुपर्ने भनाइ राख्दै आरबिआईले सम्भावित अवस्थाको लागि 'ब्ल्याक स्वान' शब्द प्रयोग गरेको छ जसको अर्थ देशले कस्तो अप्रत्याशित स्थितिको सामना गर्नुपर्नेछ, त्यो भन्न नसकिने हो । हामी आफ्नै पिरलोको सामना गर्न अक्षम भइरहेको बेला कुल व्यापारको ७०-८० प्रतिशत भारतमैं निर्भर रहनुपर्ने अवस्था र भारत नै ब्ल्याक स्वानको चक्रव्यूहमा फसेको अवस्थामा हाम्रो अवस्था के होला भन्न सहज छैन। त्यसैले अब नेपाल श्रीलङ्का हुँदैन भनेर फुर्कनुभन्दा आफ्नो आन्तरिक र बाह्य दुवै अवस्थाको पुनर्मूल्याङ्कन गर्नु आवश्यक हुन जान्छ किनभने पर्यटनतर्फ नेपालमा अझै पनि भारतीय पर्यटकहरूकै बढी सहभागिता छ र भारतमा त्यस्तो अवस्था आइपरे पर्यटन क्षेत्रको आम्दानी बढ्ने नभई घट्ने छ र रेमिट्यान्स एक्लैले विदेशी मुद्राको सञ्चितिमा खास योगदान पुऱ्याउन सक्नेछैन र भारतमा बढ्ने महँगीको मारले हामीलाई थप दुःख दिने निश्चित छ।

नेपाल र भारत दुवैलाई यस प्रकारको विघ्नबाधा कसरी लाग्न लागेको हो भनेर घोत्लिंदा मलाई भारतका बापू भनिने महात्मा गाँधीको सम्झना आयो । स्वतन्त्रता नै जीवनको सबैभन्दा मूल्यवान् सम्पदा भएको मान्ने उनले अव्यवस्था (चाओस) जिम्मेवारीबाट भाग्न गरिने उपक्रम भएको भन्दै जिम्मेवारीलाई तीन खुट्टे स्टुलसँग तुलना गर्दै पहिलो खुट्टा स्वयम्प्रतिको जिम्मेवारी बोध, दोस्रो-अरूको लागि आत्मसम्मान र तेस्रो-विश्वका सबै प्राणीको लागि उदारताको भाव भनेका छन्। यी तीनवटा गुणले नेतृत्व क्षमताको विकास हुने जसबाट अगाडि बढ्ने चाहना (मोटिभेशन) उत्पन्न भई आजको अन्तरनिर्भर विश्वमा समन्वय स्थापित भई शान्ति र स्वतन्त्रता हासिल गर्न सकिन्छ। यसरी जिम्मेवारी बोध नभएको अवस्थामा नेतृत्व लिनेहरूले गर्न सक्ने सातवटा सामाजिक पापकर्म हुने भई शान्ति र स्वतन्त्रताको मार्ग सुनिश्चित नहुने भनाइ छ।

१. सिद्धान्तविनाको राजनीति
२. परिश्रमविनाको धन
३. नैतिकताविनाको व्यापार
४. चेतनाविनाको खुशी
५. चरित्रविनाको शिक्षा
६. मानवताविनाको विज्ञान र
७. त्यागविनाको पूजा

महात्मा गाँधीको यो सन्देश र त्यसपछि नेपाल र भारतको अवस्था सम्झेपछि हामी किन आजको अवस्थामा पुगेका छौं बुझ्न कठिन भएन। मन शान्त भयो किनभने हामी आज उल्लिखित सातवटै सामाजिक पापमा लिप्त छौं त्यसैले दुःखमा छौं । यसबाट बाहिर निस्कन एक नम्बरबाट शुरूआत भयो भने छिटो उम्किन सकिएला । होइन भने भगवान् पशुपतिनाथले गरे मात्र कल्याण हुने देखिन्छ।

# तन्त्रविद्या र स्नायुविज्ञानबीच अन्तर्सम्बन्ध

काठमाडौं, २१ असार/रासस

तन्त्र भनेको झारफुक र अन्धविश्वास मात्रै नभई ज्ञान पनि भएकोले तन्त्र विद्याबाट लाभ लिन विज्ञहरूले जोड दिएका छन् । नेपाल प्रज्ञा-प्रतिष्ठान, दर्शनशास्त्र विभागद्वारा आइतवार आयोजित 'तन्त्रविद्या र स्नायुविज्ञानबीच अन्तर्सम्बन्ध' विषयक विचार-गोष्ठीमा कार्यपत्र प्रस्तुत गर्दै नेपाल संस्कृत विश्वविद्यालयका पूर्वशिक्षाध्यक्ष प्रा विद्यानाथ उपाध्यायले तन्त्रका विषयमा जनमानसमा अन्योल रहेको उल्लेख गर्दै भने-"यो झूटो विद्याको रूपमा परिचित छ। यो झारफुक गर्ने र मन्त्र प्रयोग गर्ने मात्रै होइन, मन्त्रको मूल पक्ष भनेको ज्ञान हो ।" तन्त्र शब्द रूढ भइसकेको भन्दै उनले अर्थ बुझाइमा कमजोरी रहेको बताए।




तस्वीरः रासस

उनले तन्त्रको प्रयोगबाट मानवजीवनले फाइदा लिनु त्यसको प्रमुख लक्ष्य रहेको भन्दै संसार भोगको लागि बनेको तर भोगमैं मात्र लिप्त नभएर मोक्ष पनि प्राप्त गर्नुपर्ने विचार व्यक्त गरे। "हाम्रा मानसिक र शारीरिक कष्ट वा दुःख नष्ट गर्न जुन साधना गर्छौं त्यो तन्त्र विद्या हो।

तन्त्रको स्रोत भगवान् शिव रहेकाले तन्त्रबाट शास्त्र आउँछ, शास्त्रबाट ज्ञान आउँछ"-प्रा उपाध्यायले भने-"शिवले पार्वतीलाई शिष्य बनाएर दिएको मन्त्र र ज्ञान नै अहिले गुरुदक्षिणाको रूपमा हामीले प्राप्त गरिरहेका छौं। तन्त्र साधना हो । तन्त्रविद्या र स्नायुविज्ञानको संयोजनबाट अब अघि बढ्नुपर्छ । ब्रह्मविद्या वा आत्मविद्या सम्पूर्ण विद्या हो। ध्यान, योग, साधना ज्ञानसम्म पुग्ने बाटा हुन्। तन्त्रविद्या पनि मोक्ष, खुशी वा सुख प्राप्तिको साधन हो।"

गोष्ठीमा प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीले प्रतिष्ठान ज्ञानको उत्खनन गर्ने संस्था भएको बताउँदै त्यसै सन्दर्भमा आफ्नो कार्यक्षेत्रभित्र परेको विषयमा यो कार्यक्रम आयोजना गरिएको बताए । उनले भने-"वैदिक वा परम्परागत विज्ञान र आधुनिक विज्ञान एकआपसमा सहकार्य नगरी पूर्ण हुँदैनन्। पश्चिमा वैज्ञानिकहरू पनि पूर्वीय दर्शन र परम्पराको अध्ययनमा लागिपरेका छन्। परम्परागत र आधुनिक विज्ञान एकअर्काका परिपूरक रहेको हुँदा यस

(बाँकी पाँचौं पातामा)

# थप दुईजनामा हैजा

काठमाडौं, २१ असार/रासस

काठमाडौं उपत्यकामा थप दुईजनामा हैजा भेटिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चुमनलाल दासले कागेश्वरी मनहरा नगरपालिकामा दुईजना बालकमा हैजा पुष्टि भएको जानकारी दिए । ती दुवै बालकमा हिजो हैजा पुष्टि भएको हो ।

योसँगै उपत्यकामा हैजाका बिरामी १९ पुगेका छन्। उनका अनुसार कागेश्वरी मनहरा नगरपालिका-६ का ४ र ६ वर्षका बालकमा हैजा भेटिएको हो । उनले ती दुवै बालक स्थानीय अस्पतालमा उपचारपछि घर फर्केको बताए । हैजा तथा झाडापखाला रोगबाट बच्न उमालेको वा क्लोरिन झोल हालेर शुद्धीकरण गरिएको पानी मात्र पिउन आग्रह गरिएको छ। खाना बनाउनु अघि र पछि, दिसापिसाब गरेपछि र फोहर चलाएपछि राम्ररी साबुनपानीले हात धुनुपर्दछ।




यस्तै खानेपानी सधैं सफा भाँडोले छोप्न, खानेकुरा राम्ररी पकाएर खान, सडेगलेको, बासी र झिंगा भन्केको खानेकुरा नखानसमेत स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अनुरोध गरेको छ । झापापखाला लागे झोलिलो खानेकुरा खान पनि आग्रह गरिएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# केराखेतीले फेरियो जिन्दगी

गलेश्वर, २१ असार/रासस

केराखेती गरेर लाखौं आम्दानी गर्न सकिन्छ भन्ने शोभित सापकोटाले केराखेतीबाट राम्रो आम्दानी गर्न सकिन्छ बबिता सापकोटाले भनिन्, "पाँच रोपनी जमीनमा केराखेती गरेका छौं, लगाएका छन्। पकाएको केरा प्रति १२ कोसा रु १०० का दरले बिक्री हुने गरेको छ। एउटै घरीबाट एक हजार कोसासम्म



बेनी नपा–२ खबराका शोभित सापकोटाको केराबारी। तस्वीरः रासस

सपनामा पनि सोचेका थिएनन्। आफैंले खानका लागि दुई/चार घरी केरा लगाउने गरेका म्याग्दीको बेनी नगरपालिका–२ खबराका सापकोटालाई व्यावसायिकरूपमा केराखेती गरेर अहिले आफैंले मनग्ये आम्दानी गर्न सकेको देख्दा आश्चर्य लाग्छ।

दश वर्षदेखि व्यावसायिकरूपमा केराखेती गरेर उनले गाउँमा नै पक्की घरसमेत बनाएका छन्। करीब १६ रोपनी जमीनमा लगाएको केराबाट वार्षिकरूपमा १० लाख रुपियाँभन्दा बढी आम्दानी हुने गरेको उनी बताउँछन्। उनको देखासिकीपछि परम्परागत खाद्यबालीको विकल्पमा यस गाउँका धेरै किसान खेतबारीमा व्यावसायिक केराखेती गर्न आकर्षित भएका छन्।

थोरै लगानीमा छिटो आम्दानी गर्न सकिने, बजार नजीक र अन्य बालीको तुलनामा सजिलो भएकाले अन्य किसानहरू पनि व्यावसायिक केराखेती गर्नेतर्फ उत्साहित भएका हुन्। बिरुवा रोपेको दुई वर्षमा पसाउन थाल्ने र पसाएको पाँच महीनामा बिक्रीका लागि तयार हुन्छ। उत्पादन भएको केरा नजीकै रहेको बेनी बजारमा सहजै बिक्री हुने हुँदा बजारको समस्या नभएको सापकोटा बताउँछन्। बजारमा खबराको केराको 'ब्रान्ड' नै बनेको उनको भनाइ छ।

कृषि पेशामा नै लागेर निर्वाहमुखी ढङ्गले गुजारा चलाउँदै यहाँका बासिन्दाको अहिले आर्थिक अवस्थामा निकै सुधार आएको छ। खबराका १६० घरधुरी किसानले केराखेतीबाट वार्षिकरूपमा एक करोड रुपियाँ गाउँमा भित्र्याउने गरेका छन्।

खबरामा केरीखेतीको सुरुआत २० वर्षअघि मानबहादुर थापा र चन्द्रबहादुर कार्कीले गरेका स्थानीय बासिन्दाले बताएका छन्। थापा र कार्कीले शुरू गरेको केराखेतीले अहिले गाउँ नै ढाकेको छ। थापा र कार्कीको सिको गरेर खबराका स्थानीयले व्यावसायिकरूपमा केराखेती थालेका हुन्। अन्य खेतीभन्दा केराखेतीबाट राम्रो आम्दानी हुने भएपछि यहाँका किसानहरू केराखेतीतर्फ आकर्षित भएका हुन्। खबराका प्रत्येक घरधुरीले व्यावसायिकरूपमा हजारी जातको केराको खेती गरेका छन्।

खबराका किसानले केराखेतीबाट राम्रो आम्दानी गर्न सकेको देखेपछि छिमेकी बगरफाँटका किसानले पनि व्यावसायिक केराखेती गर्न थालेका छन्। बगरफाँटका १८ घरधुरीका किसानले व्यावसायिकरूपमा गरेको केराखेतीबाट वार्षिक ५० लाख रुपियाँको हाराहारीमा केरा बिक्री गर्ने गरेका छन्। व्यापारीहरू केरा घरीमा नै आएर केरा खरीद गर्ने गरेका बगरफाँटका कृषक खिमबहादुर कार्कीले बताए।

धान, कोदो, मकै, गहुँभन्दा वार्षिकरूपमा चारदेखि पाँच लाख रुपियाँसम्म आम्दानी हुन्छ।" छोराछोरी पढाउन र घरखर्च चलाउन कुनै समस्या छैन उनले भनिन्, "केरा बिक्री गरेर आएको पैसाले छोराछोरीलाई काठमाडौंमा पढाउन पुगेको छ।" उत्पादन भएको केरा घरबाटै बिक्री हुन्छ, सापकोटाले भने, "केरा लिन बेनीदेखि व्यवसायीहरू घरमैं आउँछन्, राम्रो कोसाको प्रतिदर्जन १२० रुपियाँमा बिक्री हुन्छ।"

त्यस्तै, खबराकै हरि कुँवरले पनि १० रोपनी जमीनमा केराखेती गरेका छन्। केरा बिक्री गरेर वार्षिकरूपमा छ लाख रुपियाँ जति आम्दानी हुने गरेको उनले सुनाए। "राम्रो भयो भने केराको एक घरीमा ७०० देखि ८०० सम्म कोसा हुन्छन्," उनले भने, "एक घरीको चार हजार २०० रुपियाँसम्ममा बिक्री गरेको छु।"

केराखेतीबाट राम्रो आम्दानी हुन थालेपछि अहिले गाउँ नै केराखेतीले ढाकेको छ। खेतबारी, पाखा, कान्ला र खोल्साहरू सबैतिर केराखेतीले छपक्कै ढाकेको म्याग्दीका अगुवा कृषक चन्द्रबहादुर कार्कीले बताए। त्यसैगरी, बेनी नगरपालिका–२ बगरफाँट गाउँका किसानले धान फल्ने खेतमा केराखेती गरेका छन्।

धान, गहुँ, मकै बालीको विकल्पमा यहाँका कृषकले खेतका गऱ्हामा व्यावसायिकरूपमा केराखेती गरेर आयआर्जन गर्ने माध्यम बनाएका छन्। अन्नबाली जस्तै धेरै मिहेनत र श्रम खर्च गर्नु नपर्ने र आम्दानी पनि बढी हुने भएकाले धान फल्ने खेतमा केराखेती गरिएको कृषकहरूले बताएका छन्।

केही वर्षअघिसम्म परम्परागत खाद्यान्न खेती हुने बगरफाँट अहिले केराको बगैंचामा परिणत भएको छ। अनुकूल हावापानी, वातावरण, बजारको सुविधा र छिटो आम्दानी गर्न सकिने भएकाले व्यावसायिक केराखेतीतर्फ आकर्षण बढेको कृषक खिमबहादुरले बताए। कार्कीले खेतका गऱ्हामा केराका ५०० बिरुवा लगाएका छन्। उनका अनुसार तीमध्ये अहिले नै ३०० बोटमा घरी लागेको छ।

त्यसैगरी, अर्का कृषक दुर्गाबहादुर थापाले पनि गुडुराको धान फल्ने चार रोपनी खेतमा केराका बिरुवा लगाएका छन्। खेती गर्न झन्झटिलो हुने, कम उत्पादन हुने, खर्च बढी हुने र काम गर्ने मान्छे पनि नपाइने हुँदा धान फल्ने खेतमा अहिले केरा लगाएको थापाले बताए।

मजदूर अभावमा खाद्यबाली हुने जमीन बाझिन थालेको अवस्थामा केराखेती प्रभावकारी विकल्प बनेको स्थानीयवासी भीमबहादुर कार्कीले बताए। एक वर्षअघि गत वर्षको जेठमा यहाँका कृषकले करीब दुई हजार केराका बिरुवा उत्पादन लिन सकिने कृषकले बताएका छन्।

**विदेशबाट पर्केर केराखेतीमा रमाउँदै युवा**

यसैगरी, उत्तरी म्याग्दीको रघुगङ्गा गाउँपालिका–२ रिसिन चौतारीका युवाहरू पनि विदेशबाट फर्केर व्यावसायिक केराखेतीमा लागेका छन्। स्थानीय युवा रमेशबहादुर कटुवाललगायत उनका साथीहरूले व्यावसायिक केराखेतीबाट आम्दानी गर्दै आएका छन्।

उनीहरूले वर्षौंदेखि मकै, कोदो बालीसँगै रूखबिरुवाले भरिएको पुर्खाको १२ रोपनी जग्गामा आरम्भ कृषि तथा पशु फार्मबाट शुरू गरिएको व्यावसायिक केराखेतीलाई मुख्य पेशासँगै दुईवटा प्लास्टिक पोखरीमा तीन हजार माछाका भुरा हालेर माछापालन, भुइँकटर, तरुल र बेमौसमी तरकारीखेती गर्दै आएका छन्।

तीन वर्षदेखि शुरू गरेको केरा फर्मको रेखदेख र गोडमेल उनका बुबा खिमबहादुर कटुवालले दैनिकरूपमा गर्दै आएका छन्।

रोजगारको सिलसिलामा प्रदेशिएका म्याग्दीका युवाहरू गाउँ फर्किएर परम्परागत खेती र रूखबिरुवाले भरिएको पाखो जमीनलाई सदुपयोग गर्दै व्यावसायिकरूपमा केरा, फलफूल र तरकारी खेती शुरू गरेका छन्। एक हजार केराका बिरुवा लगाएका कटुवालले सिंचाइका लागि हालसम्म व्यक्तिगत रु सात लाख लगानी गरेको बताए। व्यावसायिक केराखेतीमा सिंचाइका लागि खरिया खोलाबाट एक हजार ६०० मिटर पाइप र बनाखी खोलाबाट ९०० मिटर पाइपबाट पानी लिएर बाऱ्हमासेरूपमा सिंचाइ व्यवस्था मिलाएका छन्। उनको फर्ममा व्यावसायिकरूपमा बाइस नङ्ग्रे, मालढुङ्गे, धुसे, चिनीलगायत प्रजातिका केराखेती गरेका छन्।

उत्पादन गरेको केरा बिक्रीका लागि सदरमुकाम बेनी, पर्यटकीयस्थल घोरेपानी, मल्लाजलगायत क्षेत्रका व्यवसायीले फार्मबाटै किनेर लैजाने गरेको कृषक रमेशबहादुर कटुवालले बताए। "अन्नबालीलाई जस्तो धेरै मिहेनत र श्रम खर्च गर्नु नपर्ने र आम्दानी पनि छिटो हुने भएकाले अनुकूल हावापानी र सडकसँगै बजार सुविधाले तीन वर्षदेखि केराखेती विस्तारमा लागेको छु," उनले भने।

केराखेतीबाट आगामी वर्ष तीनदेखि चार लाख रुपियाँ आम्दानी गर्ने लक्ष्य रहेको उनको भनाइ छ। आगामी दिनमा केराखेतीबाट भएको आम्दानीलाई थप केराखेती विस्तारमा लगानी गर्ने लक्ष्यसहित स्थानीयरूपमा बाख्रा र कुखुरापालन गर्ने योजनासमेत कटुवालले बताए। कटुवालको केराखेती देखेर स्थानीय अन्य युवाहरूले पनि केराखेती विस्तारमा लागेका छन्।

**केरा पकेट क्षेत्र**

बेनी नगरपालिका–२ खबरा, बगरफाँट, रघुगङ्गा गाउँपालिका–२ राममन्दिर, माझखर्क र रिसिन चौतारीलाई केराखेतीको पकेट क्षेत्र बनाइएको छ। नगर तथा गाउँपालिकाको साना व्यावसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रममार्फत यहाँका ३०० बढी कृषकले व्यावसायिकरूपमा केराखेती गरेका छन्।

कृषक शोभित सापकोटाले थोरै लगानीमा छिटो आम्दानी गर्न सकिने, बजार नजीक र अन्य बालीको तुलनामा सजिलो भएकाले केराखेतीको लहर चलेको बताए। "धान, कोदो, मकै, गहुँभन्दा केराखेतीबाट चार/पाँच गुणा बढी आम्दानी गर्न सकिन्छ," उनले भने, "भूगोल र हावापानी अनुकूल भएकाले केराखेतीमा लागेका हौं।" यी क्षेत्रमा यसअघि घरायसी प्रयोजनका लागि केराखेती हुँदै आएको थियो।

राँखुमा परीक्षणका लागि केही कृषकले धेरै सङ्ख्यामा लगाएको केराले उत्पादन र आम्दानी दिन थालेपछि अरू पनि आकर्षित भएका हुन्। गाउँभरि केराखेती गरिएको छ। यसअघि रघुगङ्गा–२ र ३ मा केराखेती गर्ने कृषकका दुई समूह थिए। दुवै समूहलाई एकीकृत गरेर केरा पकेट विकास कार्यक्रम शुरू गरिएको गाउँपालिकाका कृषि शाखा संयोजक मनोज सुवेदीले बताए।

गत आवमा गाउँपालिकाले रु सात लाख ५० हजार विनियोजन गरेको केरा पकेट कार्यक्रमलाई कृषकले पनि त्यति नै लगानी साझेदारी गरेका छन्। "एक सय रोपनीमा स्थानीय हजारी जातको केराका नयाँ बिरुवा रोप्ने कार्यक्रम अन्तिम चरणमा छ," सुवेदीले भने, "कार्यक्रममार्फत उपकरण, मल, विषादीमा सघाएका छौं।" सिंचाइका लागि एक हजार पाँच सय मिटर पाइप खरीद गरेका समूहले पाँच हजार ६०० नयाँ केराका बिरुवा रोपेका छन्।

ज्यामरूककोटका एक कृषकले १०० देखि पाँच हजारसम्म केराका बिरुवा रोपेका छन्। कृषकको आयआर्जन वृद्धि र जीवनस्तर सुधारका लागि ज्यामरूककोटलाई केराखेतीको पकेट क्षेत्रका रूपमा विकास गर्न लागिएको बेनी नगरपालिका–२ का अध्यक्ष यामबहादुर कार्कीले बताए। केराखेतीको पकेट क्षेत्र घोषणासँगै कृषकका लागि सिंचाइ व्यवस्था, प्राविधिक तालीम, छिटोछरितो तरीकाले गोडमेल गर्ने मेशिनहरू उपलबध गराउन स्थानीय सरकारले ध्यान दिनुपर्ने कृषकहरूको भनाइ छ।

## रामेछाप बस दुर्घटना

# ब्रेक फेल हुँदा दुर्घटना भयो

काठमाडौं, २१ असार/रासस

रामेछाप जिल्लाको सुनापाती गाउँपालिकास्थित लुभुघाटमा मङ्गलवार बिहान भएको बस दुर्घटनामा नौजनाले अकालमैं ज्यान गुमाए।

गाउँपालिकाका अध्यक्ष तामाङले माथिदेखि नै बस हल्लिंदै आएको र त्यहाँको ठूलो घुम्तीमा मोड्न नसकी बस सीधैं खसेको बताए।

उनका अनुसार घटनास्थल



नेपालको भौगोलिक अवस्था, चालकको लापरवाही तथा गाडीको अवस्था राम्रो नभएकाले यस्ता सवारी दुर्घटनाहरू बढ्दो छ।

रामेछापको उक्त दुर्घटनामा कच्ची सडकको ठूलो घुम्तीबाट बस मोडिन नपाई एक्कासि भीरमा खसेर तल्लो सडकमा बजारिंदा नौजना यात्रुको ज्यान गयो। दुर्घटनाको यकीन कारण त खुलिसकेको छैन तर प्रारम्भिक अनुसन्धानबाट भने बसको अवस्था ठीक नभएको भन्ने खुलेको छ।

सुनापाती गाउँपालिकाका अध्यक्ष ठूलोकान्छा तामाङका अनुसार उक्त गाडी अघिल्लो दिन पनि ब्रेक फेल भएको भनेर सामान्य कसकास गरेर यात्रु बोक्न तयार पारिएको थियो। तर बसको अवस्था राम्ररी जाँच नहुँदा दुर्घटना भएको प्रारम्भिक अनुमान छ।

आज बिहान झन्डै ७ बजेतिर रामेछापको सुनापाती गाउँपालिकाको केन्द्र हिलेदेवीबाट काठमाडौं आउँदै गरेको बा.३ख ८३९६ नम्बरको यात्रुवाहक बस जिल्लाको सुनापाती गाउँपालिका–५ र खाँडादेवी गाउँपालिका–१ स्थित सिमानामा दुर्घटना भएको हो।

दुर्घटनास्थल दुई गाउँपालिकाको सीमामा पर्ने भएपनि सुनापाती–५ कै क्षेत्र लुभुघाटमा भएको खाँडादेवी गाउँपालिकाका अध्यक्ष ज्ञानकुमार श्रेष्ठले बताए। हिंडेको केही घण्टापछि (करीब १० किमी गुडेपछि) बस दुर्घटनामा परेको बताइएको छ।

गाउँलेको भनाइ उद्धृत गर्दै सुनापाती रामेछापको जिल्ला सदरमुकाम मन्थलीबाट झन्डै ६३ किलोमिटरमा छ। दुर्घटना भएको स्थलबाट मध्यपहाडी राजमार्ग भेट्न केही सय मिटरको मात्रै दूरी थियो। त्यसपछि केही राम्रो सडक थियो। त्यहाँबाट केही किलोमिटरको दूरीमा विपी राजमार्ग (पक्की सडक) भेटिने पनि उनले बताए।

बिहान अन्दाजी १० बजेतिर भएको उक्त दुर्घटनामा मृत्यु भएका नौजनामध्ये चार महिला र पाँच पुरुष छन्। उनीहरूको पहिचान खुलेको छैन। दुर्घटनामा अन्य २३ जना यात्रु घाइते भएको रामेछापका प्रमुख जिल्ला अधिकारी दीपककुमार पहाडीले जानकारी दिए।

तीनजना घाइतेलाई हेलिकप्टरबाट काठमाडौं र अन्य घाइतेलाई उपचारका लागि धुलिखेल अस्पताल पठाइएको प्रजिअ पहाडीले जानकारी दिए। बस सडकबाट झन्डै ३०/३५ मिटर तल खसेर तल्लो सडकमा पुगेको छ। अहिले उद्धारका लागि प्रहरी टोली परिचालन गरिएको छ।

रामेछापका सहायक प्रमुख जिल्ला अधिकारी गीता गुरुङ मन्थलीबाट पश्चिम चार घण्टाको यात्रामा घटनास्थल पुगिने भन्दै अहिले आफ्नो टोली घटनास्थलतर्फ गइरहेको बताइन्।

स्थानीयवासी र प्रहरीले उद्धार कार्य सम्पन्न गरी शवको जाँच मुचुल्का उठाउने कार्यमा प्रहरी जुटेको सुनापाती गाउँपालिकाका अध्यक्ष तामाङले जानकारी दिए।



**दिवा खाजा खाने तयारीमा विद्यार्थी** : बेदकोट नगरपालिका–५ धर्मपुरस्थित मुक्ति आधारभूत विद्यालयका विद्यार्थीहरू दिवा खाजा खाने तयारीमा। दिवा खाजा कार्यक्रम विद्यालयमा सञ्चालन भएपछि विद्यार्थीको सङ्ख्या बढेको छ। तस्वीरः रासस

# पाँच दशकदेखि काठमाडौंमा रमाएका पर्साका जङ्गाली

राधेश्याम पटेल, काठमाडौं, २१ असार/

नेपालको सङ्घीय राजधानी काठमाडौंमा धेरैका कथा र संयोग जुडेका वृतान्त भेटिन्छन् ।



जङ्गाली दास बनियाँ । तस्वीरः प्रतीक

त्यसैमध्येका एक पात्र हुन्– पर्सा, धोबिनी गापा–४ लङ्गडीका ७७ वर्षीय जङ्गाली दास बनियाँ। बनियाँ २२ वर्षको उमेरमा काठमाडौं उक्लेका थिए । त्यसपछि उनको संसार काठमाडौंमैं रचेबसेको छ ।

२००२ सालमा जन्मेका बनियाँ गाउँकै नेपाली काङ्ग्रेसका नेता वशिष्ठनारायण कुर्मीसँग काठमाडौं हुँइकिएका थिए । काठमाडौंमा कलेजको पढाइ गर्न आएका कुर्मीलाई डेरामा खाना पकाउन उनले सहयोगीको रूपमा बनियाँलाई काठमाडौं लिएर आएका थिए।

बनियाँले बिहान र बेलुका कुर्मीको डेरामा खाना पकाउने र दिनमा फूटपाथमा पसल शुरू गरेका थिए। उनले शुरूमा कस्मेटिक सामान टुँडिखेल आसपासमा बिक्री गर्थे। त्यसपछि उनले रानीपोखरीछेउमा सडकपेटीको व्यवसायलाई निरन्तरता दिइरहे। अहिले राष्ट्रिय नाचघर हालको सांस्कृतिक प्रतिष्ठानको मूलगेटको दाहिनेपट्टि दुईवटा टेबलमा उनको फूटपाथ पसल सञ्चालनमा छ ।

बिहान ८ देखि राति ११ बजेसम्म उनी पसल चलाउँछन्। नाचघरका जिएम हरिहर शर्मा भएको बेला उनले नाचघरको गेटअगाडि पसल थाप्न मौखिक अनुमति पाएका थिए। त्यसपछि काठमाडौं महानगरका प्रमुख विदुर गौतमले पनि उनको पसल उक्त ठाउँबाट नहटाइयोस् भनेर बेलाबेलामा सहयोग गरेको उनी सम्झन्छन् ।

नेपालका अन्य जिल्लाबाट काठमाडौं आएर व्यवसाय गरी धेरैले घरजग्गा जोड्छन् तर बनियाँले हालसम्म काठमाडौंमा घरजग्गा जोड्न नसकेको दुःखेसो पोख्छन् । उनको पर्साको लङ्गडीमा घडेरी भएको बनियाँ अहिले पनि डेरामैं बस्छन् । "मेरा चारजना छोरा थिए, एकजना कलेजोको रोगले बित्यो, अहिले तीनजना छोरा छन्, पत्नीको पनि स्वर्गवास भइसकेको छ," उनले भने, "५० वर्षदेखि दुई छाक राम्ररी खाएको छु, परिवारलाई राम्ररी हुर्काएको छु, तर सम्पत्ति भने जोड्न सकेको छैन।"

३० वर्षअघि बालाजुमा रु आठ हजारमा पाइरहेको चार आना जग्गा हातबाट छुटेकोमा उनी अहिले पनि पछुतो मान्छन्। उनलाई एकजना साथीले उक्त जग्गा खरीद गरी घर बनाउन सल्लाह दिएका थिए, तर उक्त सल्लाह नमान्दा काठमाडौंमा जग्गा जोड्न नसकेको भनी पश्चात्ताप गर्छन्। उनका तीन छोरामध्ये जेठो छोरा ओमप्रकाश बनियाँ नाचघरमैं बिजुलीबत्ती मिस्त्रीको रूपमा काम गर्छन्, माइला छोरा सेनामा सिपाही छन् र कान्छा छोरा बुबासँगै नजीकै अर्को पसल चलाउँछन् । उनका छोराहरू पनि परिवारसँगै काठमाडौंमैं बसेका छन् ।

सबै प्रधानमन्त्रीलाई नजीकबाट हेरेको छु, बालेनको जीतले खुशी छु

सर्ट, पाइजामा तथा शिरमा ढाका टोपीसँगै भेटिएका बनियाँ काठमाडौं महानगरको प्रमुखमा मधेसी समुदायबाट महोत्तरी पुख्र्यौली घर भएका बालेन्द्र शाहले महानगरप्रमुखमा जित्दा खुशी लागेको बताउँछन् ।

बालेनले पछिल्लो स्थानीय चुनावमा सबै दलका उम्मेदवारहरूलाई छक्का छुटाइदिएकोमा आश्चर्य मान्दै भन्छन्, "बालेनको जीतले काठमाडौंमा मधेसी तथा पहाडी समुदायबीच सद्भाव बढेको छ र दुवै समुदायले खुशियाली मनाएका छन् ।"

बालेनले काठमाडौंका फूटपाथमा पसल गर्नेहरूलाई लखेटिरहेको प्रसङ्गमा उनले सुझबुझका साथ आफ्नो कार्यकाल सफलतापूर्वक सम्पन्न गर्न सुझाव दिए । उनले विगत पाँच दशकमा नेपालका राजा महेन्द्र वीर विक्रम शाहदेखि प्रधानमन्त्रीहरू गिरिजाप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारी, शेरबहादुर देउवा, पुष्पकमल दाहाल प्रचण्ड, माधवकुमार नेपाल, नेताहरू महन्थ ठाकुर, राजेन्द्र महतो, उपेन्द्र यादवलगायत सबैलाई नजीकबाट हेरेको बताउँछन् ।

राष्ट्रिय नाचघर, टुँडिखेललगायत काठमाडौंका विभिन्न स्थलमा हुने सार्वजनिक कार्यक्रमको दौरान उनले नेपालका प्रधानमन्त्री तथा मुख्य नेताहरूलाई देखेको उनी बताउँछन् ।

# १५ दिनपछि अपहृत बालकको सकुशल उद्धार

प्रस, जनकपुरधाम, २१ असार/

अपहरणमा परेका एकजना बालकको प्रहरीले १५ दिनपछि जनकपुरबाट सकुशल उद्धार गरेको छ।

भारत सीतामढी जिल्ला बैरगनिया निवासी हाल जनकपुर उपमनपा–७ भमरपुराचोकमा डेरा गरी बस्दै आएका हरिओम चौधरीका तीन वर्षीय नाबालक छोरा सोहन चौधरीको दुई साताअघि अपहरण भएको थियो ।

प्रहरीले अपहरणमा संलग्न महोत्तरी पिपरा गापा–४ निवासी ५५ वर्षीया मैथुन खातुनलाई मङ्गलवार दिउँसो बच्चासहित पक्राउ गरेको छ ।

अपहरणबाट मुक्त बालकलाई अभिभावकको जिम्मा लगाइएको प्रहरीले जनाएको छ।



आरोपी खातुनले आफ्नै घरमा बालकलाई लिएर लुकेकी थिइन्। गोप्य सूचनाको आधारमा प्रहरीले बालकको उद्धार गरी ती महिलालाई पक्राउ गरेको धनुषाका प्रहरी उपरीक्षक वसन्त रजौरेले बताए ।

असार ६ गते बिहान ७ बजे घरअगाडि खेलिरहेका बालक अपहरणमा परेका थिए ।

जिल्ला प्रहरी कार्यालय, धनुषाको टोलीले इप्रका, सहोडवा, महोत्तरीको सहयोगमा बच्चालाई अपहरणबाट मुक्त गराएको हो भने पक्राउ परेकी खातुनउपर अपहरण तथा शरीर बन्धक मुद्दा दायर गरी थप अनुसन्धान भइरहेको प्रउ रजौरेले बताए ।



**धान रोप्न बीउ लैजाँदै किसान** : शुक्लाफाँटा नगरपालिका-२, रानीपुरका किसान बीउ उखेलेर रोपाइँ गर्न लैजाँदै । वर्षा नहुँदा किसान पम्पसेटबाट रोपाइँ गर्न बाध्य छन् । तस्वीरः रासस

## फरक समाचार

# मुसाले टोकेपछि यी घातक रोग लाग्छ

कुकुर, सर्प, बिच्छीले टोकेपछि हामी तुरून्तै चिकित्सककहाँ पुग्छौं तर यदि मुसाले टोक्यो भने... ? एउटा अध्ययन अनुसार मुसाको टोकाइले पनि सङ्क्रमण हुन सक्छ र समयमा उपचार गराइएन भने गम्भीर समस्या भोग्नुपर्छ । मुसाले टोकेपछि थुप्रै प्रकारको ब्याक्टेरिया र भाइरस हाम्रो शरीरमा पुग्छ । रैट बाइटबाट गम्भीर रोग लाग्ने खतरा हुन्छ– जस्तै एलर्जिक रिएक्शन, हन्ट भाइरस र रेड वायर फिभर । मुसाको टोकाइ निकै खतरनाक हुन्छ। यदि तपाईंलाई पनि मुसाले टोकेको छ भने तुरून्तै चिकित्सककहाँ पुग्नुपर्छ ।



तर मुसाले टोकेपछि सुरक्षाको रूपमा प्राथमिक उपचार गराउनुपर्छ जस्तै मुसाले टोकेको ठाउँ तातो पानीले सफा गर्ने, राम्ररी पुछेर त्यसमा एन्टिबायोटिक क्रीम लगाउने र त्यसपछि चिकित्सकलाई देखाउनुपर्छ । घाउ नदेखिए पनि भाइरस शरीरभित्र पुगेको हुन्छ ।

हेल्थलाइनमा प्रकाशित रिपोर्ट अनुसार केही मामिलामा सङ्क्रमणसँग लड्न पीडितलाई एन्टिबायोटिक्स दिन सकिन्छ । उपचारको क्रममा रोगीको लक्षण बदलिरहेको छ कि छैन, त्यो हेर्नुपर्छ । प्रभावित ठाउँको छालामा कुनै प्रकारको परिवर्तन हुने, सुन्निने, लालिमा हुने, पिप निस्कने, तीव्र दुख्ने, विनाकारण ज्वरो लाग्ने, चीसो लाग्ने र जोर्नीमा दुखाइ हुने समस्या हुन्छ। यस मामिलामा तपाईंले सातदेखि दश दिनसम्म एन्टिबायोटिक लिनुपर्छ । यसैले चिकित्सकसँग सम्पर्क गर्नुपर्छ ।

मुसाले टोकेपछि सही समयमा उपचार गराइएन भने मायोकार्डिटिस, एन्डोकार्डिटिस, निमोनियम, सिस्टेमेटिक भैस्कुलिटिस, पेरिकार्डिटिस, पोलिआर्थराइटिस नोडोसा, हेपेटाइटिस, नेफ्रेटिस, मेनिनजाइटिस, फोकल एब्सकेसेस, अमिनियोटिसजस्ता गम्भीर रोग हुन सक्छ ।

# भारतका यी स्थानमा घरजग्गा किन्न पाइँदैन

भारतमा विभिन्न पर्यटकीय क्षेत्र छ, जहाँ घुमफिर गर्न सकिन्छ तर त्यहाँ बस्नको लागि जग्गा किन्न पाइँदैन । सिक्किममा घुम्न को रुचाउँदैन ? बरफले ढाकेको पहाड, मठ र सुन्दर शहरमा निश्चित अवधिसम्म बस्न सकिन्छ तर यहाँ बाहिरी मान्छेलाई सम्पत्ति किन्न अनुमति छैन ।



हिमाचल प्रदेशमा बान्है महीना पर्यटक घुमिरहेको देख्न सकिन्छ । तर यस स्थानमा सम्पत्ति किन्न सकिंदैन । किनभने यहाँ सम्पत्ति किन्न भारत सरकारले स्वीकृति दिंदैन । पर्यटकहरूले यहाँको सुन्दरताको आनन्द मात्र लिन सक्छन् ।

अरुणाचल प्रदेश पनि पूर्वोत्तर भारतको दुर्लभ पर्यटन स्थलमध्ये एउटा हो । यहाँ पनि बाहिरी मान्छेलाई सम्पत्ति किन्ने इजाजत छैन । यहाँको मान्छेको परम्परा, संस्कृति र सौम्य व्यवहार तपाईंलाई मन परे पनि यहाँ स्थानीयबाहेक बाहिरी मान्छेले घरजग्गा किन्न सक्दैनन् ।

# भत्भती पोल्ने गर्मीमा आयो नयाँ पङ्खा

भत्भती पोल्ने र घोच्ने गर्मीले अहिले धेरैजना पीडित छन्। एयर कन्डिशनरले मात्र राहत दिंदैछ। तर दिनभरि एसी चलाउन पनि सम्भव छैन किनभने यसले बिजुलीको बिल बढाउँछ। तर यस्तो गर्मीमा बजारमा एउटा पङ्खा आएको छ, जुन टेबुल फ्यान र सिलिङ फ्यानभन्दा बेग्लै छ। बिजुलीको कम खपत र एसीजस्तो हावा दिने यस पङ्खाको नाम मिस्ट स्प्रिङ्कलर फ्यान हो ।



बजारमा यस प्रकारको पङ्खा थुप्रै पाइन्छ । यस पङ्खाले पानीको थोपासँग मेल गरेर चीसो हावा दिन्छ। यो एउटा जबरजस्ती कुलिङ फ्यान हो। यसले पानीको फोहरा गरेर तातो हावालाई चीसो बनाउँछ। घरभित्र र बाहिर जस्तोसुकै ठाउँमा लैजान सकिने यो पङ्खालाई वाटर टैपसँग जोड्नुपर्छ। पङ्खामा ससाना छिद्र हुन्छन्। वाटर टैप चालू गरेर पङ्खा अन गर्दा पानीको फोहरासहित तीव्र हावा दिन्छ । यस पङ्खालाई कति स्प्रिङ्कलर चाहिन्छ, त्यो एडजस्ट गर्न सकिन्छ ।

भारतमा यस पङ्खाको मूल्य भारु ४ हजारभन्दा बढी छ तर अमेजनमा यो पङ्खा अहिले भारु २६ सयमा बिक्री भइरहेको छ। यो पङ्खासँगै पाइप, टैप कनेक्टर पनि पाइन्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## मानवीय सहायता उपलब्ध गराउन अपील

जुबा, २१ असार/सिन्हवा

सुडानका लागि संयुक्त राष्ट्रसङ्घले मावनीय सहायताको अपील गरेको छ। संयुक्त राष्ट्रसङ्घले दक्षिण सुडानका लागि तत्काल कम्तीमा पनि ४० करोड अमेरिकी डलर बराबरको सहायता जरूरी परेको भन्दै सोका लागि अपील गरेको हो।


राहत सामग्री पाएपछि खुशी मुद्रामा एक सुडानी बालक। तस्वीरः सिन्हवा

दक्षिण सुडानका लागि संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिनिधि सारा वियोस्लो नान्तीले सो अपील गरेको समाचारमा जनाइएको छ।

अहिले दक्षिण सुडानमा खाद्यान्नदेखि अन्य न्यूनतम मानवीय सहायताको पनि खाँचो परेकोले तत्कालका लागि यो रकम आवश्यक परेको उनको भनाइ छ।

उनले भनेका छन्– "हामीले यो सहयोग रकम विश्वसँग अपेक्षा गरेका छौं, हामीलाई लाग्छ दक्षिण सुडानका नागरिकका लागि कुनै न कुनै रूपमा तत्काल यो रकम आवश्यक छ।"

अन्य सहायताका अतिरिक्त अहिले यहाँका महिला तथा बालबालिकालाई खाद्यान्नको आवश्यकता छ र उनीहरूलाई अझ बढी पोषण पनि चाहिन्छ"–उनको कथन छ।

आवश्यक पोषण र खाद्यान्नको अभावमा बालबालिका कुपोषणको शिकार भइरहेका र कतिपय स्थानमा खाद्यान्न र औषधिजस्तो आधारभूत आवश्यकता पाउन नसकेको भन्दै यस अघि नै संयुक्त राष्ट्रसङ्घले दक्षिण सुडानका लागि सहायता आवश्यक परेको बताउँदै आएको थियो। रासस

## चिनियाँ राष्ट्रपतिद्वारा स्वतन्त्रताको दिवसको शुभकामना

बेइजिङ, २१ असार/सिन्हवा

चिनियाँ राष्ट्राध्यक्ष सी जिनपिङले मङ्गलवार अल्जेरियाको स्वतन्त्रता सङ्ग्रामको ६०औं वार्षिकोत्सवका अवसरमा राष्ट्रपति अब्देलमादजिद तेब्बौनलाई बधाई सन्देश पठाएका छन्।



६० वर्षअघि अल्जेरियाली जनताले कठिन सङ्घर्षबाट राष्ट्रिय स्वाधीनता र जनमुक्ति अनुभूति गर्दै अरब र अफ्रिकी जनताको मुक्ति आन्दोलनको गौरवशाली अध्याय खोलेको सीले बताएका छन्।

अल्जेरियाको स्वतन्त्रता क्रान्तिमा चिनियाँ सरकार र चिनियाँ जनताले सहयोग गरेको र सङ्घर्षका क्रममा दुई देश र त्यहाँका जनताबीच गहिरो मित्रता कायम भएको उनले स्मरण गरेका छन्।

हालैका वर्षहरूमा दुई देशबीच राजनीतिक आपसी विश्वास निरन्तर सुदृढ हुँदै गएको र द्विपक्षीय व्यावहारिक सहयोग फलदायी भएको पनि राष्ट्रपति सीले बताएका छन्। साथै उनले चीन–अल्जेरिया व्यापक रणनीतिक साझेदारीलाई नयाँ उचाइमा पुऱ्याइएको पनि उल्लेख गरेका छन्।

राष्ट्रपति सीले चीन–अल्जेरिया सम्बन्धको उच्च मूल्याङ्कन गर्ने र दुवै देश र जनताको हितका लागि बेल्ट एन्ड रोड इनिसिएटिभको ढाँचाभित्र सबै क्षेत्रमा द्विपक्षीय सञ्चार र सहयोग अगाडि बढाउन राष्ट्रपति तेब्बौनसँग मिलेर काम गर्न तयार रहेको पनि बताएका छन्। रासस

## डुङ्गा डुब्दा १५ जना माझी बेपत्ता

जकार्ता, २१ असार/सिन्हवा

इन्डोनेशियाको आरफुरा समुद्रमा डुङ्गा डुब्दा कम्तीमा १५ जना माझी बेपत्ता भएका छन्।

डुङ्गा डुब्दा ती मछुवा बेपत्ता भएका र उनीहरूको खोजी कार्य जारी रहेको इन्डोनेशियाका अधिकारीहरूले जानकारी दिएका छन्।

उनीहरू गएको शनिवारदेखि नै बेपत्ता रहेका र खोजी कार्य जारी रहेको उद्धार टोलीमा खटेका एकजना अधिकारीले जानकारी दिएका छन्। उनका अनुसार मङ्गलवार खराब मौसम तथा हावाहुरीका कारण यहाँको आरफुरा समुद्रमा डुङ्गा पल्टिएको थियो। डुङ्गा दुर्घटनापछि त्यसमा रहेका मछुवामध्ये कम्तीमा १५ जना अहिलेसम्म बेपत्ता छन्।

उद्धार कार्यमा खटेका अधिकारीहरूले दिएको जानकारी अनुसार उनीहरू आइतवार र सोमवारसम्म पनि भेटिएका छैनन्। इन्डोनेशियाको पपुवा प्रान्तमा अवस्थित खोजी तथा उद्धारसम्बन्धी कार्यालयका प्रवक्ता दर्मावान विदीले दिएको जानकारी अनुसार डुङ्गामा कम्तीमा २५ जना मानिस थिए। तीमध्ये १० जनाको शनिवार नै सकुशल उद्धार गरिएको थियो भने अरू १५ जना हराइरहेका छन्। उद्धार जारी रहेको तर उनीहरू जीवित भेटिने सम्भावना नरहेको अधिकारीहरूले जनाएका छन्। रासस

### तन्त्रविद्या र स्नायुविज्ञान.....

कार्यक्रमको औचित्य र उद्देश्य पनि यसैमा केन्द्रित रहेको हो।"

प्रतिष्ठानका उपकुलपति डा जगमान गुरुङले तन्त्र, मन्त्र र साधनाले धेरै रोग निको हुने र मानव जीवन सफल हुने बताए। उनले विभिन्न मठ, मन्दिरमा तन्त्रविद्यासहित पूजा र अनुष्ठान गरे रोग निको हुने उदाहरण दिंदै त्यसले विज्ञानलाई पनि चुनौती दिएको विचार व्यक्त गरे।

दर्शनशास्त्र विभागका प्रमुखसमेत रहेका प्रतिष्ठानका सदस्य सचिव प्रा जगत्प्रसाद उपाध्यायले तन्त्रविद्या र स्नायुविज्ञानको अन्तर्सम्बन्ध केलाउने उद्देश्यका साथ कार्यक्रम आयोजना गरिएको जनाए।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का सदस्य सचिव डा प्रदीप ज्ञवालीले आत्मिक शान्तिका लागि पनि तन्त्र र योगको आवश्यकता रहेको विचार व्यक्त गर्दै परिषद्ले मानव जीवनका हरेक क्षेत्रमा अनुसन्धान गरिरहेको बताए।

वरिष्ठ मुटुरोग विशेषज्ञ डा रत्नराज पौडेलले चेतनाको विषयमा आधुनिक विज्ञानले अध्ययन गर्न नसकेको विचार व्यक्त गरे।


प्लास्टिकको झोला बहिष्कार गरौं,
कपडाको झोला प्रयोग गरौं।

वीरगंज महानगरपालिका कार्यालय


### आजको राशिफल

| | |
|---|---|
| मेष – कडाश्रम | वृष – सुसमाचार |
| मिथुन – उदरपीडा | कर्कट – विजय |
| सिंह – धनलाभ | कन्या – भाग्योदय |
| तुला – बेचैनी | वृश्चिक – मनोरञ्जन |
| धनु – कर्मप्राप्ति | मकर – प्रगति |
| कुम्भ – वादविवाद | मीन – यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रम

प्रस, ठोरी, २१ असार/

ठोरी–४ स्थित निर्मलबस्ती स्वास्थ्य चौकी, विजयबस्तीमा मङ्गलवार एक दिने राष्ट्रिय किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रम सम्पन्न भएको छ।

ठोरी गाउँपालिकाकी कार्यपालिका सदस्य देवीमाया थिङको सभापतित्वमा सम्पन्न कार्यक्रममा किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी जानकारी तथा स्वास्थ्य संस्थाहरूको भूमिकाबारेकार्यक्रममा जानकारी दिइएको थियो।

माबि विजयबस्तीका प्रतिनिधि विद्यार्थी, विव्यसका अध्यक्ष, स्वयंसेविका, सञ्चारकर्मीलगायतलाई सो कार्यक्रमको उद्देश्य र स्वास्थ्य संस्थाका भूमिकाबारे जिल्ला जनस्वास्थ्य कार्यालय, पर्साका अधिकृत बालकिशोर यादव र ठोरी गापाका स्वास्थ्य संयोजक रमेश थिङले जानकारी गराएका थिए।

ठोरी गापाका सम्पूर्ण स्वास्थ्य संस्थामा किशोरकिशोरीमैत्री छुट्टै परामर्श


तस्वीरः प्रतीक

कोठा राख्ने र किशोरकिशोरीका समस्यामा स्वास्थ्यकर्मीले परामर्श दिने व्यवस्था मिलाइएको कार्यक्रममा जानकारी दिइएको थियो।

कार्यक्रममा किशोरकिशोरीमा हुने अवसाद, मानसिक समस्या, शारीरिक परिवर्तनबारेका जिज्ञासाहरूमा स्वास्थ्यकर्मीले गोप्य तथा सुरक्षितरूपमा उनीहरूको समस्या समाधान हुनेगरी सेवा दिलाउन स्वास्थ्य संस्थामा छुट्टै कोठाको व्यवस्था गरिन लागेको बताइएको थियो।

## मधेस प्रदेश : लापरबाही गर्नेलाई कारबाही गर

जनकपुर, २१ असार/रासस

जनकपुरधामस्थित प्रादेशिक अस्पतालले जाँचै नगरी शल्यक्रिया गर्दा बिरामीको ज्यान खतरामा परेको भन्दै घटनाको छानबीन गरी दोषीमाथि कारबाही गर्न मधेस प्रदेशका प्रदेशसभा सदस्यले माग गरेका छन्।



प्रदेशसभाको मङ्गलवारको बैठकको शून्य समयमा प्रदेशसभा सदस्यले कुनै जाँचै नगरी पित्तथैली शल्यक्रिया गर्दा गर्भवती महिला विभा चौधरीको स्वास्थ्य अवस्था जटिल भएकोले घटनाको छानबीन गरी दोषीमाथि कारबाही गर्न माग गरेका छन्।




प्रदेशसभा सदस्य परमेश्वर साहले पित्तथैलीमा भएको पत्थरीको शल्यक्रिया गराउन प्रादेशिक अस्पतालमा भर्ना भएकी महोत्तरीकी विभाको स्वास्थ्य जाँच नगरी चिकित्सकले शल्यक्रिया गर्दा उनको जीवन खतरामा पुगेको बताए। शल्यक्रियाअघि भिडियो एक्स–रे, एक्स–रे गर्ने गरिन्छ, तर विभाको शल्यक्रियाअघि अस्पतालले कुनै किसिमको जाँच गरेको छैन," प्रदेशसभा सदस्य साहले भने, "यो घटनामा चिकित्सकको चरम लापरवाही देखिन्छ, चिकित्सकले संवेदनशीलता नदेखाएकाले गर्भवती महिलाको ज्यान खतरामा पुगेको छ। त्यसैले घटनाको सत्यतथ्य छानबीन गरेर चिकित्सकमाथि कारबाही गर्नुपर्छ।"

विभाको घटनाले मधेस प्रदेशको स्वास्थ्य अवस्थालाई उजागर गरेको भन्दै प्रदेशसभा सदस्य सत्यनारायण मण्डलले लापरवाही गर्ने प्रादेशिक अस्पतालका चिकित्सकलाई तत्काल कारबाही गर्नुपर्नेमा जोड दिए। प्रदेशसभा सदस्य मनीषकुमार सुमनले विभाको जीवनसँग चिकित्सकले खेलवाड गरेको आरोप लगाउँदै शल्यक्रियामा संलग्न चिकित्सक मुख्य दोषी रहेकाले तत्काल छानबीन गरेर दोषी चिकित्सकको लाइसेन्स खारेज गर्नुपर्ने माग गरे।

घटनामा चिकित्सकको लापरवाही देखिए पनि अहिले चिकित्सकले शल्यक्रिया मैले गरेको होइन भनी पन्छिन खोजेको आरोप लगाउँदै प्रदेशसभा सदस्य रानीशर्मा तिवारीले घटनाको छानबीन गरेर दोषीलाई कारबाही र पीडितलाई न्याय दिनुपर्ने माग गरिन्।

यसैबीच, प्रदेशसभाको बैठकले घटनाको छानबीन गरी १५ दिनभित्र प्रतिवेदन बुझाउन मधेस प्रदेशसभा अन्तर्गत महिला, बालबालिका तथा सामाजिक न्याय समितिलाई निर्देशन दिएको छ। सभामुख सरोजकुमार यादवले प्रादेशिक अस्पतालमा भएको सो घटना छानबीन गरी १५ दिनभित्र प्रतिवेदन बुझाउन समितिलाई निर्देशन दिए।

**बजेटमाथि छलफल जारी**

मधेस प्रदेश सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०७९/८० को बजेटमाथि प्रदेशसभा बैठकमा आज दोस्रो दिन पनि छलफल जारी छ। प्रदेशसभाको बैठक सरकारद्वारा प्रस्तुत बजेटमाथिको छलफल प्रारम्भ भएको हो। आजको बैठकमा अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले प्रस्तुत गरेको आर्थिक विधेयक २०७९ माथि विचार गरियोस् भन्ने प्रस्तावमाथिको सैद्धान्तिक छलफलमा भाग लिंदै प्रदेशसभा सदस्यले प्रदेश सरकारले करको दायरालाई बढाउनुपर्ने बताएका छन्।

आजको बैठकमा प्रदेशसभा सदस्य रामाशिष यादव, परमेश्वर साह, शिवचन्द्र चौधरी, किशोरी साह (कमल), जानकीशरण साह, शारदा थापा, रानीशर्मा तिवारी, प्रमिलादेवी यादव र मदनसेन श्रीवास्तवलगायतले सरकारद्वारा प्रस्तुत आव बजेटमाथि आआफ्नो धारणा राखे।


**प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नेसम्बन्धी सार्वजनिक सूचना**

*प्रकाशित मितिः २०७९/३/२२ गते*

**प्रस्तावकः–** अशोक स्टील इन्डस्ट्रिज प्रा.लि.

**प्रस्तावकको बेहोराः–** स्टील उद्योग

**प्रस्ताव कार्यान्वयन हुने स्थानः–** जीतपुरसिमरा उपमहानगरपालिका वडा नं ५, बारा

जीतपुरसिमरा उपमहानगरपालिका वडा नं ५, बाराको कुल क्षेत्रफल १० बिघा ११ कट्ठा ६ धुरमा चलेको र थप निर्माण गर्न लागिएको उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण (IEE)को प्रतिवेदन तयार गर्नुपर्ने भएकोले सो उद्योगको निर्माणबाट भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणमा के कस्ता असरहरू पर्दछन्, सोबारे लिखित राय सुझावसहित ७ (सात) दिनभित्र आइपुग्ने गरी निम्न ठेगानामा पठाइदिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**राय सुझाव दिने ठेगाना**

**अशोक स्टील इन्डस्ट्रिज प्रा. लि.**

जीतपुरसिमरा उपमहानगरपालिका वडा नं ५, बारा

फोन नंः– +९७७–४२४३१४८/९८०१०००२७९

इमेलः asisteel@nta.net.np, globallg@yahoo.com


## महासङ्घका अध्यक्ष झालाई पितृशोक

प्रस, रौतहट, २१ असार/

नेपाल पत्रकार महासङ्घ, रौतहट शाखाका अध्यक्ष प्रेमचन्द्र झालाई पितृशोक परेको छ।

सोमवार राति झाको बुबा युगलकिशोर झाको निधन भएको नेपाल पत्रकार महासङ्घ, रौतहट शाखाका सचिव मदन ठाकुरले बताए। ८१ वर्षीय झाको नारायणी अस्पताल, वीरगंजमा उपचाररत अवस्थामा निधन भएको हो।

# फोहोर व्यवस्थापनबारे वडाध्यक्षहरू अवलोकन भ्रमणमा

प्रस, वीरगंज, २१ असार/

वीरगंज महानगरपालिकाका अवलोकन भ्रमणमा गएकामध्ये वडाध्यक्ष जगतसाह कानू र बैजु स्वर्णकारले भरतपुर महानगरपालिकाको वडा नं २, १०, वालिङ र तिलोत्तमा नगरपालिकामा हुने फोहोर व्यवस्थापनबारे जानकारी लिएको बताए । उनीहरू मङ्गलवार पोखरा महानगरपालिका पुग्ने र त्यहाँ हुने फोहोर व्यवस्थापनबारे जानकारी लिने बताए ।




पाँचजना वडाध्यक्ष अहिले विभिन्न नगरपालिकाको अवलोकन भ्रमणमा गएका छन् ।

महानगरका वडाध्यक्षहरू जगतसाह कानू, बैजु स्वर्णकार, अवध कुशवाहा, सुरेश गुप्ता र विजयप्रसाद कुर्मी सरसफाइसम्बन्धी जानकारीका लागि अवलोकन भ्रमणमा गएका हुन् ।

वीरगंज महानगरको फोहोर व्यवस्थापन अन्यत्रभन्दा प्रभावकारी कसरी गर्न सकिन्छ भन्ने विषयमा वडाध्यक्षहरूको टोली फोहोर व्यवस्थापनको लक्ष्य लिएर अवलोकन भ्रमणमा गएको बताइएको छ ।

वडाध्यक्ष कानू र स्वर्णकारले भ्रमण गरिएका ठाउँमा टोल सुधार समिति गठन गरिएको र सोबाट पनि फोहोर व्यवस्थापनमा सघाउ पुगेको बताए । उनीहरूले यी नपाहरूले कुहिने र नकुहिने फोहोरलाई वर्गीकरण गरेर राख्ने र सोहीअनुरूप व्यवस्थापन गर्दा सहज भइरहेको पाएको बताए ।

वीरगंज महानगरपालिकालाई फोहोरमुक्त गर्न अवलोकन भ्रमणमा देखिएका कुराहरू लागू गराउन सुझाव दिइने वडाध्यक्षहरूले बताए ।

# खेलकूदको संसार

## क्योकुशिन कराँतेमा रोशना चौधरीले रजत ल्याइन्

प्रस, वीरगंज, २१ असार/




काठमाडौंमा सम्पन्न नेशनल शिन-क्योकुशिन जुनियर कराँते प्रतियोगितामा पर्सा जिल्लाकी रोशना चौधरीले रजतपदक ल्याएकी छन् ।

काठमाडौंको जडीबुटीमा भएको प्रतियोगितामा पर्सा जिल्लाबाट सहभागी चारजनामध्ये माउन्ट एभरेस्ट क्लब, पर्साबाट प्रतिनिधित्व गरेकी चौधरीले रजतपदक जितेकी हुन् । ४५ किलो तौल समूहमा उनले रजतपदक जितेको क्लबका प्रशिक्षक रवि कुमारले बताए ।

# घूसको रकमसहित शहरी विकास तथा भवन कार्यालयका नायबसुब्बा पक्राउ

प्रस, सेढवा, २१ असार/

शहरी विकास तथा भवन कार्यालय, पर्साका एकजना कर्मचारीलाई निजकै कार्यकक्षबाट प्रहरीले घूसको रकमसहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा जनकपुर उपमहानगरपालिका वडा नं २४ स्थायी घर भई सो कार्यालयका नायबसुब्बा सबइन्जिनीयरका रूपमा कार्यरत रूपेशकुमार दुबे रहेका छन् ।

डिभिजन वन कार्यालय, पर्साको चालू आर्थिक वर्षको योजना अन्तर्गत सबडिभिजन वन कार्यालय वसन्तपुर र मनवाको भवन निर्माण कार्य सम्पन्न भई सोको मूल्याङ्कन तथा बीजक बनाउन दुबेले दश प्रतिशत घूस माग गरेकोमा पीडित निर्माण व्यवसायीले प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराइ दुबेलाई रकम दिएका थिए ।

दुबेले काम नै नगरी पैसा ब्यागमा राखी पठाउने बेला व्यवसायीले ब्याग खोसी दुबेको कार्यकक्षमा ल्याई जिल्ला प्रशासन कार्यालयमा जानकारी गराएका थिए ।

केहीबेरमा वडा प्रहरी कार्यालय, बिर्ताका प्रहरी निरीक्षक विशाल




मल्ल नेतृत्वको टोलीले दुबेलाई घूसको रकमसहित नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय, पर्सामा बुझाएको छ ।

# वातावरण संरक्षणसम्बन्धी अभिमुखीकरण

प्रस, ठोरी, २१ असार/

ठोरी गाउँपालिका-४ स्थित सो अवसरमा सहभागीहरूसँग वन संरक्षणको महत्त्वका विषयमा समेत




ज्ञानज्योति माध्यमिक विद्यालय घ्याङडाँडामा वातावरण संरक्षणसम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

विद्यालय संरक्षण शिक्षा कार्यक्रम अन्तर्गत पर्सा राष्ट्रिय निकुञ्जको आर्थिक सहयोग तथा कुसुमवाटिका मध्यवर्ती उपभोक्ता समितिको आयोजनामा सम्पन्न कार्यक्रममा सहभागीहरूलाई वातावरण संरक्षणको महत्त्व तथा संरक्षणमा विद्यार्थीको भूमिका विषयमा जानकारी गराइएको थियो ।

अन्तर्क्रिया गरिएको आयोजक कुसुमवाटिका मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष बुद्धलाल पाख्रिनले जानकारी दिए ।

पाख्रिनकै अध्यक्षतामा भएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राकेश श्रेष्ठ, समितिका पूर्वअध्यक्ष टङ्कप्रसाद तिमिल्सिना, सचिव रितेश पाख्रिन, प्रधानाध्यापक पिताचन्द्र ढुङ्गेल, पूर्वप्रधानाध्यापक दलबहादुर स्याङ्बो, कक्षा ८, ९ र १० का विद्यार्थीहरू सहभागी थिए ।

# दुर्घटनामा एकजनाको मृत्यु, दुईजना घाइते

प्रस, रौतहट, २१ असार/

गाडीको ठक्करबाट एकजनाको मृत्यु भएको छ भने दुईजना घाइते भएका छन् ।

गाडीको ठक्करबाट दुर्गा भगवती गाउँपालिका-२ भलोहिया निवासी ६० वर्षीय भरोसी महतोको मृत्यु भएको हो । सोमवार साँझ घरअगाडि नै बसिरहेको अवस्थामा ना.४च १०३१ नम्बरको टाटा सुमोले ठक्कर दिंदा महतोसहित तीनजना घाइते भएका थिए ।

सुमोको ठक्करबाट गम्भीर घाइते महतोलाई उपचारको लागि न्यूरो अस्पताल, वीरगंज लगे पनि उपचारकै क्रममा गएराति मृत्यु भएको रौतहट प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सुनील मल्लले जानकारी दिए । महतोको शव शल्यपरीक्षणको लागि सोही अस्पतालमा राखिएको छ ।

घाइते भएकी ४० वर्षीया सङ्गीता पाण्डेको न्यूरो अस्पतालमैं उपचार भइरहेको छ भने अर्का ६० वर्षीय रामजी दास गौरको शिवदर्शन अस्पतालमा उपचाररत छन् ।

# दूतावासद्वारा दुईवटा एम्बुलेन्स हस्तान्तरण

प्रस, वीरगंज, २१ असार/

भारतको महावाणिज्य दूतावासले मङ्गलवार दुईवटा एम्बुलेन्स हस्तान्तरण




गरेको छ ।

ती दुई एम्बुलेन्स नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवले गत आइतवार १९ गते शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलको उपस्थितिमा नेपाल सरकार र नेपालका विभिन्न जिल्लामा रहेका गैरनाफामूलक संस्थाहरूलाई उपहारस्वरूप प्रदान गरिएका ७५ वटा एम्बुलेन्समध्येका हुन् ।

दुईमध्ये एक एम्बुलेन्स वीरगंजस्थित ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र तथा अर्को एम्बुलेन्स जनकपुरको ग्रामीण विकास संस्थालाई प्रदान गरिएको हो । दुईवटै एम्बुलेन्सको साँचो महावाणिज्यदूत नितेश कुमारले आज संस्थाका प्रतिनिधिहरूलाई हस्तान्तरण गरेका थिए ।

### आलुको..........

५०० बरामद भएको सशस्त्र प्रहरी बल मधेस प्रदेशका डिआइजी गणेश ठाडामगरले जानकारी गराए । सशस्त्र प्रहरीले एक हजार रुपैयाँका सात हजार थान, ५०० रुपैयाँका दुई हजार ६९९ थान, १०० रुपैयाँका एक सयथान र ५० रुपैयाँका एक सय थान नोट नियन्त्रणमा लिएको छ ।

ज.७प ५००७ नम्बरको मोटरसाइकलको पछाडि आलुको बोरा राखेर दुवैजना नेपाल आइरहेको र सशस्त्र प्रहरीलाई शङ्का लागेपछि चेकजाँच गर्दा रकम बरामद भएको सप्रनि कटुवालले बताए । रकम बरामद भएपछि सोको स्रोत खुलाउन नसकेपछि रकमसहित दुवैजनालाई नियन्त्रणमा लिएको र आवश्यक अनुसन्धान तथा कारबाहीको लागि व्यक्ति, नगद र मोटरसाइकल जिल्ला भन्सार कार्यालय, जनकपुरमा बुझाएको सप्रनि कटुवालले जानकारी गराए ।





**सर्पदंश (सर्पको टोकाइ)बाट बच्न...**

- घरवरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँहरूको व्यवस्थापन गरौं,
- घरवरिपरि सफा राखौं, प्वालहरू टालौं,
- खुला स्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियारी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**सामाजिक सञ्जालको दुरूपयोग हुनबाट बच्न सजगता अपनाऔं ।**

- सामाजिक सञ्जालको पासवर्ड गोप्य राखौं ।
- मोबाइल, कम्प्युटर, ल्यापटप जस्ता विद्युतीय उपकरण प्रयोग गरिसकेपछि अनिवार्यरूपमा लगआउट गरौं ।
- कसैको फोटो तथा भिडियो खिच्नुअघि र सामाजिक सञ्जालमा राख्नु (अपलोड) अघि अनुमति लिऔं ।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव अस्वीकार गरौं ।
- सामाजिक सञ्जालमा चिनजान भएको भरमा भेट्न बोलाएको ठाउँमा नजाऔं ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं ।
- भ्रामक, आधिकारिकता नभएका सूचना, सन्देश, तस्वीर तथा भिडियो शेयर नगरौं-नगराऔं ।
- व्यक्तिको मर्यादा, सम्मान र प्रतिष्ठामा आँच आउने खालका सूचना तथा सन्देश पोस्ट नगरौं ।
- अशोभनीय तथा शङ्कास्पद सन्देशको प्रतिवाद गरौं । उक्त सन्देश प्रमाणका लागि सुरक्षित राखौं ।
- आफू पनि सचेत बनौं र त्यसबाट हुन सक्ने आपराधिक क्रियाकलापको नियन्त्रणमा सहयोग पुऱ्याऔं ।
- आफूलाई असुरक्षित महसूस भएमा तुरुन्तै प्रहरीलाई खबर गरौं ।

मधेस प्रदेश सरकार
आमसञ्चार प्राधिकरण


**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |